# माझी जातिलाई भेषभुषा तालिम

• कोशीपत्र संवाददाता

धरान




आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकरण भएको माझी जातिको भेषभुषा तयार गर्ने १५ दिने तालिम सुरु भएको छ।

नेपाल माझी उत्थान समाज धरानको आयोजनामा धरान-११ यलम्बर हाङछा चोकमा सोमबार तालिमको उदघाटन भएको हो । नेपाल आदिवासी जनजाति नगर महासंघ धरानका सचीव हेमराज जिमि याक्खाको विशेष आतिथ्यमा उदघाटन भएको तालिम मंगलबारबाट शुरु भएको हो।

धरान उपमहानगरपालिकाको लक्षित बर्गको २०७७/०७८ को बजेटबाट तालिम सञ्चालनमा आएको हो। विषेश अतिथी हेमराज जिमिले गत सालको लक्षित बजेट कोरोनाको कारण राहतमा कटौती भएकोले लक्षित बर्गको बजेटबाट कार्यक्रम हुन नसकेको बताए । महासंघले लोकसेवा तयारी कक्षा समेत सञ्चालन गर्ने जनाउदै हाल लोकसेवा आयोगमा आवेदन माग भएकोले सबैले फारम भरेर आगामी लोकसेवा तयारी कक्षामा भाग लिन पनि आह्वान गरेका छन् ।उद्धाटनमा महासंघका पुर्व अध्यक्ष तथा नेपाल मगर संघका धरान नगर अध्यक्ष चित्रराज थापा मगरले भाषा, पहिरन नै पहिचान भएको बताए। पहिरन टाढाबाट नै देखिने भएकोले त्यो कुन समुदायको हो भनेर छुट्याउन सजिलो नै पहिरनबाट हुने बताए। त्यसैले पनि भेषभुषा पहिरन महत्वपूर्ण भएको बताए। उद्धाटनमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ धरान नगर समिति अध्यक्ष चन्द्रकला प्रधान, नेवाः देयदबु धरान नगर अध्यक्ष मनोहर शाक्य, यायोक्खा धरान नगर सदस्य सीता राई लगायतले शुभकामना दिदै माझी जातिको पहिरन भेषभुषाको संरक्षण संवर्द्धन गर्नुपर्नेमा जोड दिए ।माझी उत्थान समाज धरानका अध्यक्ष जय माझीको अध्यक्षतामा भएको उदघाटनमा माझी जातिको पहिरन चौबन्दी, फरिया, स्टकोट, फेटा, कछाड उत्पादन सम्बन्धी तालिम दिइने अध्यक्ष माझीले बताए। धरान उपमहानगर भित्र करिब ६० घरधुरी बस्दै आएको नेपाल माझी उत्थान संघ धरानका नगर अध्यक्ष माझीले बताए।

# वीपीमा कोभिडको दोश्रो डोज शुरू

• कोशीपत्र संवाददाता

धरान

धरान स्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कोभिड-१९ विरुद्धको 'कोभिसिल्ड' को दोश्रो डोज लगाउन शुरु गरीएको छ।

आइतबार प्रतिष्ठान आइपुगेको खोप मंगलबारबाट लगाउन शुरू गरीएको हो। मंगलबार पहिलो दिन प्रतिष्ठानका चारै पदाधिकारी सहित कार्यरत स्वास्थ्यकर्मी, स्वास्थ्यमा काम गर्ने कर्मचारीहरू गरी ४ सय जनाले खोप लगाएको स्कुल अफ पब्लिक हेल्थका एसोसिएट प्रोफेसर डा. विजय खनालले जानकारी गराए। उनले भने, 'पहिलो दिन ४ सय जनामा कोभिसिल्ड खोपको दोश्रो तथा अन्तिम डोज लगाइएको छ, यसअघि पहिलो डोज लगाएको १७ सय जनालाई हामीले ३ दिन भित्र खोप लगाइसक्ने तयारी गरेका छौ।' खोप अपुग भएमा र पहिलो डोज लगाउन छुटेकाहरूमा जिल्ला स्वास्थ्य कार्यालयसंग समन्वय गरी अस्पताल प्रशासनले व्यवस्था मिलाउने उनले बताए। यसअघि पहिलो डोज माघ १४ गते लगाइएको थियो। नेपाल सरकारबाट दोश्रो डोजको आपुर्ती ढिला भएकाले दुई महिना पछी दोश्रो डोज लगाउन थालिएको डा. खनालले बताए। खोप लगाए पनि भाइरसको स्वरूप परिवर्तन हुन सक्ने बताउँदै उनले कोभिडबाट बच्ने स्वास्थ्य उपायहरू अपनाउनका लागी आग्रह गरेका छन।

# एलआइसीको मृत्यु दाबी भुक्तानी




• कोशीपत्र संवादाता

धरान

दमको रोगबाट मृत्यु भएका सविन तामाङको परिवारलाई एलआईसि इन्स्योरेन्स कम्पनीले मृत्यु दाबी भुक्तानी दिएको छ।

गत पुष १७ गते मृत्यु भएका तामाङको परिवारलाई कम्पनीले मंगलबार बिमा वापतको रकम प्रदान गरेको हो।

कम्पनीका शाखा प्रमुख विकल्प बजगाईका अनुसार तामाङका बुबा विर बहादुर तामाङलाई १ लाख ६५ हजार रुपैया बराबरको चेक हस्तान्तरण गरिएको छ। तामाङको १० वर्ष अघि १ लाख रुपैयाको बिमा गरिएको थियो।उनले वार्षिक ७ हजार ५ सय १९ रुपैयाका दरले किस्ता बुझाउँदै आएका थिए।

उनको बाल ममता योजनाको १० वर्षे बिमा गरिएको थियो। मृत्यु दाबी भुक्तानी कार्यक्रममा धरान शाखा प्रमुख विकल्प बजागाई सहित एजेन्सी म्यानेजर डम्बर सिग्देल, कोपिला श्रेष्ठ, अभिकर्ता दिपेन्द्र पोखेलद्वारा मृतकका परिवारलाइ चेक हस्तान्तरण गरिएको थियो।

# टेलिकमको तार चोरी गर्ने पक्राउ

• कोशीपत्र संवाददाता

इटहरी

नेपाल टेलिकमले जमिनमुनि बिछ्याएको तारकाटेर चोरी गर्दै गर्दा दुइ जनालाई इटहरी प्रहरीले नियन्त्रणमा लिएको छ।

इटहरीको बिभिन्न स्थानमा टेलिकमले बिछ्याएको तार काटेर चोरी गर्ने क्रममा इटहरी ५ का ३१ वर्षिय इश्वर लिम्बु र उनकी श्रीमति २४ वर्षिय रेनुका राईलाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको हो। टेलिकमले लगाएको तार चोरीका मौखिक गुनासोहरू आउन थालेपछि इटहरी प्रहरीले सम्भावित क्षेत्रहरूमा बिशेष निगरानी बढाएको थियो।

गत चैत्र ९ गते पुर्व पश्चिम राजमार्ग अन्तरगत खेति खोला पुलमा बिछ्याइएको १२ सय पेयर तार काट्दै गरेको अवस्थामा प्रहरीले उनीहरूलाइ पक्राउ गरेको हो।

पक्राउ परेका दुवै जनाको साथबाट तार काट्न प्रयोग भएको बञ्चरो एक थान, हेक्सो ब्लेड एक थान र छेनो एक थान बरामद गरेको छ।

प्रहरी नियन्त्रणमा रहेका दुवैजना विरूद्ध सुनसरी अदालतबाट म्याद थप गराइ आवश्यक कार्वाही प्रक्रिया अघि बढाइएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ।

# बेलबारीमा हात्ती पाइलेको औषधी खुवाइने

• कोशीपत्र संवाददाता

बेलबारी

हात्तीपाइले रोग विरुद्धको औषधि सेवन अभियान बेलबारीमा चैत २० गतेदेखि शुरु गरिने भएको छ।

६६ हजार ५ सय लाई खुवाउने लक्ष्य राखिएको बेलबारी नगरपालिका स्वास्थ्य शाखाका प्रमुख सन्तोष विश्वकर्माले बताए। उनका अनुसार अभियानमा ६० जना स्वास्थ्यकर्मी र ३५ जना महिला स्वास्थ्य स्वयमसेविका परिचालन हुने छन।

स्वास्थ्य स्वयमसेविकाहरुले टोल टोलमा गएर सुचना प्रबाह गर्न शुरु गरिसकेको स्वास्थ्य शाखाका प्रमुख विश्वकर्माले बताए। उनले भने, 'औषधी खुवाउनका लागि भने घर घरमै स्वास्थ्यकर्मीहरु पठाउने ब्यबस्था मिलाएका छौ।' औषधी २ बर्षभन्दा मुनि, गर्भवती र ७ दिनका सुत्केरी तथा ओछ्यान परेका सिकिस्त बिरामी बाहेकका अन्य जो सुकैले पनि औषधी सेवन गर्न मिल्ने स्वास्थकर्मीहरुको भनाई छ। औषधी सेवन गर्नका लागि नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले सबैलाई आग्रह गरेका छन।


## डकुमेन्ट हराएको सूचना

यहि मिति २०७७/१२/०८ गतेका दिन धरान ११ सगरमाथा टोलबाट केन्द्रिय प्रबिधी क्याम्पस, हात्तिसार आउने क्रममा मेरो SLC देखि स्नातकोत्तर सम्म्मका सबै ओरिजिनल डकुमेन्टहरु र CTEVT अन्तर्गतको अहेबको सबै डकुमेन्ट तथा NHPC लाइसेन्स समेत हराएकोले फेला पार्नुहुने महानुभावले ९८६२१२४८३६/९८०५३०५६७६ मा सम्पर्क गरिदिनहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनहुन अनुरोध छ।

**धिरेन सुब्बा लिम्बू**
धरान -११ सगरमाथा टोल

## Pauwadungma Rural Municipality
Chyangre, Bhojpur,Provinceno:1

## Invitation for Bid

Invitation for Bids for the Upgrading road from Sukrabare to ward office 1(phase 1)

*Date of publication :2077-12-19 (1th April, 2021)*

Contact Identification No: PRM/SQ/077-078/07

1. Pauwadungma Rural Municipality,Bhojpur invites electronic bidsonly from eligible bidders for the Upgrading road from Sukrabare to ward office 1(phase 1) under National Competitive Bidding.

| S.N | Name of Project | Contact ID | Estimated Amount(without VAT & Contingencies) | Bid fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | Upgrading road from Sukrabare to ward office 1 (phase 1) | PRM/SQ/077-078/07 | 9,13,385/- | 1,000/- | 26,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

## सूचना ! सूचना !!

राज्यले दलित वर्गका वद्यार्थीलाई उच्च शिक्षासम्म निशुल्क घोषणा गरेको हुनाले कुनै पनि विद्यालयले दलित विद्यार्थीसँग शुल्क लिन नहुने कुराको कार्यान्वयन गरौं।

**दलित विकास समिति**
**धरान उपमहानगरपालिका**
सम्पर्क : ९८१५३०६०५२/९८४०५९३६४८/९८४२०४०५८६

## गोरखा होटल

विशेष छुटसहित हामी निरन्तर तपाईहरुकै सेवामा समर्पित हुनेछौं । हामीसंग स्विट रुम, एक्जुकेटिभ रुम, डिलक्स रुम र नर्मल रुम गरी ४२ वटा रुमहरु उपलब्ध छन् ।

यहाँ लाउञ्जको पनि व्यवस्था छ । गोरखा रेस्टुरेन्ट एण्ड

**गोरखा होटल प्रा. लि.**
सम्पर्क : ०२५-५८२३११
इटहरी, सुनसरी, धरान रोड
गोरखा डिपार्टमेन्ट स्टोर पछाडि

## SANGURIGADHI RURAL MUNICIPALITY
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
PROVINCE NO.1, DHANKUTA

## Re-Invitation for Online SealedQuotations

Re-Invitation for Sealed Quotations for the Construction of Budimorang-Kammuwakhola Road Maintenance works.Contract Identification No: SRM/SQ/02/2077/078

*Date of publication: 2077/12/19 (2021/04/01)*

1. The Sangurigadhi Rural Municipality invites online Sealed quotations for the construction of Budimorang-kammuwakhola Road Maintenance works. The estimated amount for the works is 7,72,642.14 ( Seven lakhs Seventy Two Thousand six Hundred Forty Two and Fourteen Paisa.(With VAT)

| Contract ID | Descriptions | Estimated Amount (With VAT) NRs | Bid Doc. Fee NRs | Deadline for Bid submission | Bid Opening Date | Bid Security NRs |
|---|---|---|---|---|---|---|
| SRM/SQ/Work/ 02/2077/078 | Construction Of **Budimorang-Kammuwakhola** Road Maintenace works. | 7,72,642.14 | 1000.00 | 12:00 Hrs of 16th April, 2021 | 14:00 Hrs of 16th April, 2021 | 23,000.00 |

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submits their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp till 12:00, 2078/01/03 (2021/04/16). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

**Name of the Bank:** Nepal Bangladesh Bank Ltd. Sangurigadhi, Dhankuta.
**Name of Office:** Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta.
**Office Account No (Rajaswa Khata ).:** 0520001441

4. Sealed bids must be submitted to the through www.bolpatra.gov.np/egp on or before 12:00 on 2078/01/03 (2021/04/16). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 2078/01/03 (2021/04/16). The Office of Sangurigadhi Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 23,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount deposited at Dharauti Khata A/C No. 0520000841 on the behalf of Sangurigadhi Rural Municipality at Nepal Bangladeh Bank Ltd, Sangurigadhi Branch. or Bidder who chooses to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all revision.
10. Sangurigadhi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

## इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी (१ नं. प्रदेश नेपाल)

**उपाभोक्ता हितलाई ध्यानमा राख्दै सम्पूर्ण व्यवसायी तथा ग्राहक वर्गमा अनुरोध**

- कुनै पनि वस्तु खरिद गर्दा उत्पादनको नाम, सामानको मिश्रण, अधिकत्तम खुद्रा मुल्य, उपभोग म्याद सकिने मिति हेरी उपयुक्त लागेमा मात्र खरिद गर्ने बानी बसालौं।
- गुणस्तरहीन, संकास्पद र मिलावट भएको कुनै पनि वस्तु फेला परेमा तत्काल उपमहानगरपालिकामा उजुरी गरौं।
- मुल्य तिरेपछि विल पाउनु उपभोक्ताको अधिकार हो। सामान खरिद गरेपछि विल लिई सुरक्षित बनौं।
- खरिद बिल लिने बानीको बिकास गर्दै संविधानले सुनिश्चित गरेको अधिकारको प्रयोग गरौं।
- सम्पूर्ण व्यवसायीहरूले नियमअनुसार आफ्नो व्यवसायको दर्ता गरी आवश्यक कागजात राख्न र उपमहानगरपालिकामा व्यवसाय गर्ने प्रमाणपत्र समयमै नविकरण गराउन यो सुचान जारी गरिएको छ।

**स्वास्थ्यको ख्याल गरौं, आफ्नो आयु आफै लम्ब्याउ**
**इटहरी उपमहानगरपालिका**

## जनहितमा जारी सूचना

- आफुले तिर्नुपर्ने सबै प्रकारका करहरु समयमा नै तिरौं र जिम्मेवार नागरिकको भुमिका निर्वाह गरौं।
- घर तथा पसलबाट निस्कने फोहोरलाई उपमहानगरपालिकाको फोहोर बोक्ने गाडीमा मात्र राखौं।
- नगरलाई दुर्गन्धित तथा आम नागरिकको स्वास्थ्यमा असर पुयाीउने काम नगरौं।
  सडक,खोला,खोल्सी,गल्ली लगायत अन्य सार्वजनिक स्थानमा जथाभावी फोहोर फाल्ने कार्य बन्द गरौं, यदि फालेको पाईएमा कानून बमोजिम कार्वाही हुनेछ।
- नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पसल अगाडी डष्टवीन अनिवार्य रुपमा राखौं।
- धरान नगर पोलिथिनमुक्त क्षेत्र भएकोले पोलिथिन झोला प्रयोग नगरौं।
- कुनैपनि संरचना निर्माण गर्दा अनिवार्य घरनक्सा पास गरेर मात्र संरचना निर्माण गरौं।
- जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,तोकिएको स्थानमा मात्र सवारी पार्किङ्ग गरौं,ट्राफिक व्यवस्थापनमा सहयोग गरौं।
- सडक तथा सार्वजनिक स्थलमा सुर्तिजन्य पदार्थ सेवन नगरौं।

**धरान उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


## आजको राशिफल



आचार्य पण्डित
सम्राट गौतम
९८४२१००५५५

मेष: मनमा हौसला बढेर जानेछ। औद्योगिक क्षेत्रमा सफलता हुनेछ। रमाइलो भेटघाट हुनेछ। आफूबाट अरुले फाईदा लिन सक्नेछन्।

वृष: कार्यहरु सफल भएर जानेछन्। शत्रु पराजित हुनेछन्। आर्थिक बृदिदर बढेर जानेछ। विपक्षीहरु आफै प्रशंसा गर्न थाल्नेछन्।

मिथुन: पारिवारिक सहयोगले उत्साह बढ्नेछ। अवसरहरु जुटेर जानेछन्। व्यापारिक क्षेत्रमा मनग्य फाइदा हुनेछ। अध्ययनमा सफलता मिल्नेछ।

कर्कट: हतारको निर्णयले समस्या आउन सक्छ। आर्थिक संकटले पिरोल्न सक्छ। मान्यजनको साथ आवश्यकता पर्नेछ। स्वास्थ्यमा समस्या आउन सक्नेछ।

सिंह: परिश्रम अनुसारको फल हात लाग्नेछ। पुराना कार्यहरु सम्पन्न भएर जानेछन् कार्यले सम्भावित बनाउन सक्नेछ। आवश्यक सहयोग जुट्नेछ।

कन्या: व्यापारिक क्षेत्रमा फाइदा बढ्नेछ। आम्दानीका नयाँ स्रोतहरु खुल्नेछन्। शैक्षिक क्षेत्र सफल रहेको छ। सहयोगीहरू प्रशस्त मिल्नेछन्।

तुला: आर्थिक लाभको सम्भावना छ। भोजनमा मन रमाउनेछ। मनमा हौसला बढेर जानेछ। बौद्धिक क्षमताको विकास हुनेछ।

वृश्चिक: अरुले फाइदाका लागि प्रयोग गर्न सक्नेछन्।खर्चिलो यात्रा हुन सक्छ। व्यापारमा लगानी बढ्न सक्नेछ। वादविवाद हुनसक्छ।

धनु: रोकिएका कार्यहरु सुचारु हुनेछन्। आम्दानी बढेर जानेछ। नयाँ जिम्मेवारीहरु थपिनेछन्। व्यवसायमा उन्नति हुनेछ।

मकर: जागिरमा फाइदा हुनेछ। मित्रहरूसँग रमाइलो भेटघाट बढ्नेछ। परिश्रमले लक्ष्यमा पुर्याउने छ। अरूको मन जित्न सकिनेछ।

कुम्भ: लगनशीलताले कार्य सम्पन्न हुनेछ। सामाजिक जिम्मेवारी बढ्नेछ। शरीर स्वस्थ रहने छ। चिताएका कामहरू सफल हुने योग छ।

मीन: शरीर अस्वस्थ हुन सक्छ। अरूको सुझावले फाइदा पुर्याउने छ। गोपनीयतामा सजग रहनुहोला। कार्यमा व्यस्तता बढेर जानेछ।